## कार्यकारी समितिको ९७ औं बैठकका निर्णयहरु
### ( मिति २०७४/१०/११ गते बिहिबार )

१. प्राविधिक जनशक्ति समयमा आपूर्ति हुन नसक्दा भूकम्पपीडित लाभग्राहीहरुलाई यथोचितरुपमा प्राविधिक सेवा उपलब्ध गराउनमा परेको कठिनाइलाई दृष्टिगत गरी साविकमा सृजना भएका दरवन्दी विवरणको समीक्षा गर्दै समग्र जनशक्ति व्यवस्थापनको लागि भावी दिनमा प्राधिकरणका तर्फबाट चाल्नुपर्ने कदमहरुका सम्बन्धमा अध्ययन गरी व्यावहारिक सुझाव सहितको प्रतिवेदन १५ दिनभित्र कार्यकारी समितिमा पेश गर्न तपसिल बमोजिमको उपसमिति गठन गरियो ।

तपसिलः

| | |
|---|---|
| कार्यकारी समिति सदस्य डा. हरिराम पराजुली | - संयोजक |
| सहसचिव, रा. पु. प्राधिकरण, श्री कृष्ण प्रसाद दवाडी | - सदस्य |
| आयोजना उपनिर्देशक, CLPIU, MOUD डा. युवराज पौडेल, | - सदस्य |
| आयोजना उपनिर्देशक, CLPIU, MOFALD श्री नारायण श्रेष्ठ | - सदस्य |
| प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| उपसचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, श्री विजय राना | - सदस्य सचिव |

२. कार्यकारी समितिको मिति २०७४/०९/०४ को ९४ औं बैठकको निर्णयानुसार कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठज्यूको संयोजकत्वमा "जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४" सम्बन्धी प्रस्ताव तयार गर्न गठित उपसमितिले पेश गरेको प्रस्ताव परिमार्जन सहित स्वीकृत गरियो।

३. भूकम्पबाट प्रभावित लाभग्राहीको तपसिल बमोजिमको विवरण अनुसार माग गरेका एकिकृत बस्ती विकास योजना "एकिकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७४" को दफा 'छ' १ बमोजिम स्वीकृत गरियो ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं

तपसिल

१. सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाँउपालिका वडा नं. १ तेन्वाथाङका ५८ घरधुरी

२. नुवाकोट जिल्ला तादी गाँउपालिका वडा नं. ३ का २४ घरधुरी

४. भौगर्भिक अध्ययन प्रतिवेदनमा समावेश भएका तपसिल बमोजिमका घरधनीहरुको जोखिमयुक्त वस्ती स्थानान्तरण एवं पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३ बमोजिम जोखिमयुक्त वस्तीका लाभग्राहीको रुपमा स्वीकृत गरियो ।

तपसिल

| क्र.स | जिल्ला | गा.वि.स. साविक | वडा नं. | घरधनी सङ्ख्या |
|---|---|---|---|---|
| १. | नुवाकोट | वेतिनी | ७ र ८ | ४ |
| २ | गोरखा | केरौंजा | - | २८३ |

५. पूर्व निर्धारित समय सीमाभित्र भूकम्पपीडित लाभग्राहीहरुले किस्ता प्राप्तिका लागि निर्दिष्ट कार्य गर्न नसकेको अवस्थालाई मध्यनजर गरी लाभग्राही सूचीमा नाम प्रकाशित भैसकेका लाभग्राहीको हकमा सम्झौता गर्ने अवधिको समयतालिका संशोधन गर्न निर्देशक समितिमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

६. भूकम्पपीडित लाभग्राहीहरुले निर्धारित समय सीमाभित्र आवास निर्माण सम्पन्न गर्नका लागि प्राधिकरणको तर्फबाट गर्नुपर्ने क्रियाकलापहरुको सम्बन्धमा कार्ययोजना तयार गरी १५ दिनभित्र पेश गर्न तपसिल बमोजिमको उपसमिति गठन गरियो ।

तपशील

कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठ - संयोजक

सहसचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, श्री प्रकाश थापा - सदस्य

आयोजना उपनिर्देशक, CLPIU, MOFALD श्री नारायण श्रेष्ठ - सदस्य

आयोजना उपनिर्देशक, CLPIU, MOUD डा. युवराज पौडेल - सदस्य

उपसचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, श्री मनोहर घिमिरे - सदस्य सचिव

सचिव

७. गुनासोको सम्बोधनबाट गैर लाभग्राहीमा परेका तथा छुटे सर्भे तथा पुनः जाँच सर्भे हुँदाका बखत छुटेका व्यक्तिहरु र २०७४ मंसिर मसान्तसम्म दर्ता भएका गुनासोहरुको सम्बोधन गर्नको लागि पहिचान भएका गुनासोकर्ताहरुको क्षतिग्रस्त आवासको छुट सर्भे तथा पुनः जाँच सर्भेक्षण गर्ने कार्य स्थानीय तहमा हाल खटिएकै इञ्जिनियरहरुबाट गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

८. भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची १ को दफा २ (घ) को सट्टामा देहायको (घ) राख्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

"भूकम्पबाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा सीमाना जोडिएको छिमेकी जिल्लाको वडा वा भूकम्प प्रभावित सोही जिल्लाको अन्य सहज हुने उपयुक्त स्थानमा आवास पुनर्निर्माण हुने भएमा सम्झौता गरी अनुदान रकम उपलब्ध गराउने ।

तर माथि जे लेखिएको भए तापनि सम्झौता गरिसकेका लाभग्राहीहरुको हकमा पूर्व सम्झौता वमोजिम नै हुनेछ । भूकम्प प्रभावित जिल्लामा जोखिमयुक्त स्थानमा जग्गा भएको वा जग्गा नै नभएको कारणले स्थानान्तरण हुनुपर्ने लाभग्राहीहरुको हकमा सम्झौता गरिसकेको भएता पनि सीमाना जोडिएको भूकम्प प्रभावित छिमेकी जिल्लाको सीमावर्ती वडाहरुमा वा भूकम्प प्रभावित अन्य जिल्लामा बसोबास योग्य आफ्नै जग्गा भएको लाभग्राहीलाई त्यस्तो जग्गामा घर पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन ।"

९. भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को अनुसूची १ को २ (घ) अनुसार सीमाना जोडीएको छिमेकी भूकम्पबाट प्रभावित जिल्लामा मिति २०७४/०१/०५ देखि २०७४/०७/२८ भित्र कार्यकारी समितिको मिति २०७४/०४/३२, ७९ औं को बैठकको निर्णय बमोजिम सहमति लिएर पुनर्निर्माण प्रारम्भ गरिसकेका लाभग्राहीहरुलाई पुनर्निर्माण अनुदान उपलब्ध गराउने प्रयोजनका लागि उल्लिखित समयभित्रै सहमति प्राप्त गरी सम्बन्धित निकायमा दर्ता गराएको पुष्ट्याई हुने कागजात सम्बन्धित जिल्लाबाट प्राप्त गरी निर्णयको लागि पेश गर्न नीति, अनुगमन तथा सामाजिक विकास महाशाखालाई निर्देशन दिईयो ।

१०. कार्यकारी समितिको मिति २०७४/०९/०४ को ९४ औं बैठकको निर्णय नं. ६ मा पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि,२०७४ को दफा ९ को उपदफा ५ (ञ) अनुसार प्रवलीकरण गर्ने लाभग्राहीहरुको गुनासोलाई ऐ. कार्यविधिको दफा १२ को उपदफा घ (क) अनुसार पुनर्निर्माण वर्गमा समावेश गर्ने निर्णय गर्दा क्र.सं. ४ र ५ को हकमा सम्झौता क्र.नं.मा अन्यथा हुन गएकोले तपसिल बमोजिम विवरण सच्चाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | प्रवलीकरण लाभग्राहीको नाम थर | स्थायी ठेगाना | सम्झौता क्र.सं. |
|---|---|---|---|
| ४ | दल वहादुर अधिकारी | साविक मार्पाक ६,<br>हाल नेत्रावती गा.पा.-१, धादिङ् | R-30-30-6-0-001 |
| ५ | गोविन्द प्रसाद चौलागाई | भुम्लु गा.पा.-४ काभ्रेपलान्चोंक | R-24-15-7-0-001 |